केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१५/०७२/७३

मिति: २०७३/०३/०६

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमका नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको "भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" को बुँदा नं. २ र ८ लाई देहाय बमोजिम संशोधन गरी बुँदा नं. १६ थप गरिएको छ :

*(२) यो सुविधा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलब्ध गराइने छ । भूकम्पले क्षतिग्रस्त आवासीय घर गाउँ विकास समिति (गा.वि.स.) मा भए गा.वि.स. भित्रै, नगरपालिकामा भए सम्बन्धित वडा भित्रै पुनर्निमाण गर्नका लागि पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ । तर, क्षतिग्रस्त स्थान बस्नयोग्य नरहेको प्रमाण नेपाल सरकारको आधिकारिक निकायबाट प्राप्त गरेको अवस्थामा सोही जिल्लाको अर्को स्थानमा निर्माण गरिने आवासीय घरका लागि समेत यस कार्यविधि बमोजिम पुनरकर्जा प्रदान गर्न सकिनेछ ।*

*(८) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्वन्धित निकाय वा स्थानीय निकाय (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गा.वि.स./वडा कार्यालय) को भूकम्प पीडित भई आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण वा सो सम्बन्धी ऋणीको स्व:घोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।*

*(१६) भूकम्पपीडित परिवारले आवासीय घर पुनर्निर्माणका लागि सहुलियत दरमा कर्जा लिन चाहेमा बैंक वा वित्तीय संस्थाले सरल र सहज प्रक्रिया अपनाई यस कार्यविधि बमोजिम हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।*

२. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा.निर्देशन नं. १३ को बुँदा नं. ३ को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरिएको र ने. रा बैंक निर्देशन फा.नं.१३.२ लाई (संलग्न बमोजिम) संशोधन गरिएको छ :

*(छ) आर्थिक पुनरुद्धार कोषमा जम्मा गरिएको रकम ।*

३. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा.निर्देशन नं. १६ अन्तर्गत रहने गरी बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरिएको छ :

*बैंक वा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा एउटै प्रकृतिको एक भन्दा बढी खाता खोल्न पाइने छैन । यसै गरी एक जना व्यक्तिलाई एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) जारी गर्न पाईने छैन । यो निर्देशन जारी हुँदाका बखत एउटै बैंक वा वित्तीय संस्थाले एक व्यक्तिको नाममा एकै*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*प्रकृतिको एक भन्दा बढी खाता खोलेको वा एकभन्दा बढी कार्ड जारी गरेको भए यस निर्देशन बमोजिम एकै प्रकृतिको एउटा मात्र खाता र एउटा मात्र कार्ड कायम राख्ने व्यवस्था मिलाउनु पर्नेछ । तर यो व्यवस्था मुद्दती खाताका हकमा भने लागु हुने छैन ।*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।

*इजाजतपत्रप्राप्त संस्थाका लागि* *ने. रा बैंक निर्देशन फा.नं. १३.२*

## वैधानिक तरलता अनुपात (SLR) सम्बन्धी विवरण

(मासिक)

२० ... साल .................... महिना ।

| गते | सरकारी सुरक्षण पत्रमा गरेको लगानी | अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्र | अनिवार्य मौज्दात प्रयोजनार्थ नेपाल राष्ट्र बैंक/“ख” र “ग” वर्गका संस्थाको हकमा वाणिज्य बैंक समेतमा रहेको रकम ** | ढुकुटीमा रहेको नगद मौज्दात | मागेका वखत प्राप्त हुने रकम *** | आर्थिक पुनरुद्धार कोषमा जम्मा गरिएको रकम | कुल वैधानिक तरलता | गते | सरकारी सुरक्षणा पत्रमा गरेको लगानी | अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्र | अनिवार्य मौज्दात प्रयोजनार्थ नेपाल राष्ट्र बैंक/“ख”र “ग” वर्गका संस्थाको हकमा वाणिज्य बैंक समेतमा रहेको रकम ** | ढुकुटीमा रहेको नगद मौज्दात | मागेका वखत प्राप्त हुने रकम *** | आर्थिक पुनरुद्धार कोषमा जम्मा गरिएको रकम | कुल वैधानिक तरलता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | १७ | | | | | | | |
| २ | | | | | | | | १८ | | | | | | | |
| ३ | | | | | | | | १९ | | | | | | | |
| ४ | | | | | | | | २० | | | | | | | |
| ५ | | | | | | | | २१ | | | | | | | |
| ६ | | | | | | | | २२ | | | | | | | |
| ७ | | | | | | | | २३ | | | | | | | |
| ८ | | | | | | | | २४ | | | | | | | |
| ९ | | | | | | | | २५ | | | | | | | |
| १० | | | | | | | | २६ | | | | | | | |
| ११ | | | | | | | | २७ | | | | | | | |
| १२ | | | | | | | | २८ | | | | | | | |
| १३ | | | | | | | | २९ | | | | | | | |
| १४ | | | | | | | | ३० | | | | | | | |
| १५ | | | | | | | | ३१ | | | | | | | |
| १६ | | | | | | | | ३२ | | | | | | | |
| | कायम गरेको औसत वैधानिक तरलता (क) | | | | | | | | | | | | | | |
| | अघिल्लो महिनाको अन्त्यमा रहेको स्वदेशी निक्षेप दायित्व (ख) | | | | | | | | | | | | | | |
| | कायम गर्नु पर्ने वैधानिक तरलता अनुपात (ग)=(ख) x % | | | | | | | | | | | | | | |
| | बढी/नपुग रकम (घ) = (क)–(ग) | | | | | | | | | | | | | | |

** यस बैंकको साधारण खातामा भएको मौज्दातलाई मात्र अनिवार्य मौज्दातमा गणना गरिने छ। यस बैंकमा विशेष प्रयोजनको लागि खोलिएको विशेष खाता तथा विदेशी मुद्रा खातामा रहेको रकमलाई यस प्रयोजनको लागि गणना गरिने छैन। साथै, वैधानिक तरलतामा अनिवार्य मौज्दात रकम गणना गर्दा महिनाभरको औसत मौज्दात रकम समावेश गर्नु पर्नेछ।

*** राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम भन्ने बुझ्नु पर्दछ।

मिति: अधिकृत: